बैठक संख्या: ०४

मितिः २०८० भदौ १९ गते
समयः विहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री नारायण न्यौपाने | सदस्य सचिव | |

अन्य उपस्थिति

श्री भुपेन्द्र खनाल अधिकृतस्तर आठौं

श्री भानुभक्त राई इन्जिनियर

श्री रवि द्विवेदी सहायकस्तर चौथो

निर्णय प्रमाणित
२०८०।५।२१

२०८० भदौ १९ गते

बैठक संख्या ४

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समिक्षा | अगिल्लो कार्यपालिका बैठकमा भएको निर्णयहरू कार्यान्वयनको समिक्षा गरियो। |
| २ | मस्यौदा समितिलाई प्रोत्साहन | मिति:२०८०/०३/०४ गतेको कार्यपालिका निर्णय बमोजिम गठन भएको मस्यौदा तयार समितिलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिने साथै मस्यौदा तयार समितिलाई प्रति कानुन निर्माण गरे बापत रू१५००० का दरले प्रदान गर्ने र बिगतको कानुन संसोधन बापत प्रति कानुन रू७५०० कानुन स्थानीय राजपत्रमा प्रकासन भए पश्चात मात्र प्रदान गर्ने। |
| ३ | बजेट बिनियोजन | १.नगर पशु अस्पतालमा स्ल्याब, वेसन तथा ल्यावको सामान राख्ने स्थान निर्माणको प्राविधिक मुल्याङ्कन अनुसार रू३७००० भुक्तानी गर्ने। (शिर्षक:अन्य सार्वजनिक निर्माण) <br>२.लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित हाट बजारमा माटो फिलिङ तथा मिलाउने काम रहेकाले प्राविधिक स्टमेट बमोजिम रू१२०८०००/- विनियोजन गर्ने। (शिर्षक:अन्य सार्वजनिक निर्माण बाट) <br>३.पशु अस्पतालमा इन्भटरको आवश्यक भएकाले इन्भटर खरिदका लागि रू २००,०००/- विनियोजन गर्ने। (शिर्षक:मेशिनरी औजार शिर्षकबाट) <br>४. देहायको सडक स्तरउन्नती गर्न प्राविधिक स्टमेट बमोजिम बजेट विनियोजन गर्ने। (शिर्षक: अन्य सडक मर्मत सम्भार) |

| क्र.सं. | सडकको नाम | बजेट |
|---|---|---|
| १ | वडा नं ५ र ६ को बरगाछी देखि लेटाङ ४ को चिल्ड्रेन पार्क सम्म सडक मर्मत | ४१९००० |
| २ | कालोपत्रे सितलमार्ग देखि वसपार्क सम्म सडक मर्मत | |
| ३ | लाफा चोक देखि मोरडे पुल सम्म सडक मर्मन | |

| सि नं | विषय | निर्णय |
|---|---|---|
| ४ | डि.पि.आर स्विकृत सम्बन्धमा। | अन्तरधार्मिक शान्ती पार्कको डि.पि.आर स्वीकृत गर्ने। साथै अन्तर धार्मिक शान्ति पार्क निर्माणका लागि विगत वर्षमा प्रदेश सरकारद्वारा गेट निर्माण तथा संघीय सरकारबाट प्राप्त रकमबाट सिढी निर्माण गरिसकेको स्थानमा वडा कार्यालयबाट स्थानीयबासीहरुले भोग गरिरहेको क्षेत्रमा भोग छोडि अन्तर धार्मिक शान्ति पार्क निर्माणका लागि जग्गा उपलब्ध गराउने भनी मुचुल्का सहित सिफारिस गरेकोमा मिति २०८० भाद्र १३ गते सरोकारवालाहरुको वैठक बसी धोवीडाँडा स्थित मन्दिरे डाडाँ भनिने थुम्किमा रहेको २०२७ सालको नापीका वखत नापजाँच हुँदा ऐलानीको रुपमा जनिएको अनुसूची बमोजिमको माथिल्लो भागको ०-७-०-० (विगाह) र गेटदेखिको भाग ०-२-३-० (विगाहा) जमीन स्थानीय समुदायका केही व्यक्तिहरुले सोही समयदेखि भोगचास गरिरहेको जमिन भोगचास गर्ने व्यक्तिहरुसँग समेत छलफल र सहकार्य गरी भोगाधिकार छुटाई सो |

नगर प्रमुख

| | | |
|---|---|---|
| | | जमिनलाई स्वामित्वमा लिई उक्त आयोजना निर्माणका लागि सहमति प्रदान गर्ने निर्णय गरेकोले उल्लिखित स्थानमा अन्तर धार्मिक शान्ति पार्क निर्माण गर्ने। |
| ५ | हेरालु सम्बन्धमा। | वडा नं १ को कार्यालयबाट प्राप्त सिफारिस पत्रको आधारमा मिति:२०८०/०४/ १७ गते देखि काम गरिरहेका श्री काली बहादुर मगर लाई चुरेमा चिउरी २०८० को कार्यक्रम अनुसार १०००० चिउरीको बिरूवा रोपिएकोमा उक्त बिरूवाको संरक्षणका लागि हेरालु नियुक्ती गरी काममा लगाउने। साथै निजको मासिक पारिश्रमिक १०,०००/- तोक्ने। |
| ६ | डोर हाजिरिमा रहेका कर्मचारी सम्बन्धमा। | संलग्न सूचि अनुसारको डोर हाजिरमा गत बिगत बर्षदेखि काम गरिरहेका कर्मचारीहरूको काम सन्तोष जनक देखएकाले निजहरूलाई डोर हाजिरमै कामकाज गर्न निरन्तरता दिने र खाइपाइ आएको दररेटमा पारिश्रमिक भुक्तानी गर्ने। साथै नेपाली नागरिकता नभएको ब्यक्तीलाई डोरहाजिरिमा कामकाज नगराउने निर्णय गरियो। |
| ७ | जग्गा उपलब्धताको सुनिश्चितता सम्बन्धमा। | संघिय आयोजना कार्यान्वय इकाई विराटनगर मोरङ्ग बाट कामको विवरण र योजना यकिन गरि पठाइदिने मिति:२०८०/०४/३२ चं.नं.१७२ भएको प्राप्त पत्र अनुसार लेटाङ नगरपालिकामा इमर्जेन्सी सेल्टर भवन निर्माण कार्यका लागि रू १ करोड बजेट बिनियोजन भएको हुँदा उक्त कार्यका लागि लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित निर्माणधिन लेटाङ अस्पतालको हाताभित्र उत्तर साइडमा नगरपालिकाको संरक्षणमा रहेको ४ कठ्ठा जग्गामा इमर्जेन्सी सेल्टर भवन (उद्धार केन्द्र) निर्माणका लागि जग्गाको सुनिश्चितता साथ निर्माण कार्य अगाडी बढाउन अनुरोध गर्ने। |
| ८ | बाहल बिटौली कर संकलन सम्बन्धमा। | लेटाङ नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को आर्थिक ऐनबाट स्विकृत भई आएको ऐलानी प्रति जग्गा/ सार्वजनिक जग्गाको बाहल बिटौली कर संकलनका लागि सार्वजनिक सूचना गरी वडा कार्यालयमा कार्यान्वयनको लागि पत्राचार गर्ने। |
| ९ | मनोनयन गरिएको सम्बन्धमा। | लेटाङ नगरपालिका अपाङ्गता भएका ब्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ को परिच्छेद ३ को दफा ६ बमोजिम यस कार्यपालिका सदस्य मध्येबाट श्री शरण कुमारी बि.कलाई सदस्य पदमा मनोनयन गरिएको छ। |
| १० | रकमान्तर सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा आर्थिक बर्ष २०८०/८१ को बजेट निर्माण क्रममा खेलकुद प्रतियोगिता शिर्षक छुट भएको हुँदा भैपरी चालु खर्च बाट रू ३०००००/- रकमान्तर गर्ने। |
| ११ | आवश्यक कार्वाहीको लागि माग गर्ने। | लेटाङ नगरपालिका वडा नं २ मा सञ्चालनमा रहेको asphalt plant को सम्बन्धमा स्थानीय स्तरबाट पटक पटक गुनासो आएको तथा यस नगरपालिकाले ३ पटक सम्म पत्राचार गर्दा समेत कुनै जवाफ नआएको हुँदा उक्त plant को अनुगमन गरी आवश्यक कार्वाही अगाडी बढाउनका लागि जिल्ला समन्वय समितिमा आग्रह गर्ने निर्णय गरियो। |
| १२ | प्राथमिक क्रम परिवर्तन सम्बन्धमा। | लेटाङ नगरपालकाको आर्थिक बर्ष २०८०/८१ मा विनियोजन भएको प्राथमिकता क्रम दोश्रोमा परेको कृषि बिकास उपशाखाको योजना बाली संरक्षण सेवा कार्यक्रम तथा शिविर कार्यक्रम रू ५०००००/- हाल बालि बिरूवामा व्यापक समस्या तथा |

नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td>किसानहरूबाट गुनासो समेत आएको हुँदा प्राथमिकता क्रम परिवर्तन गरी पहिलो प्राथमिकतामा राख्ने।</td></tr>
<tr><td>१३</td><td>कर्मचारी इन्धन सम्बन्धमा।</td><td>कर्मचारी इन्धन सम्बन्धमा तयार भएको कर्मचारि इन्धन संञ्चार सुविधा सम्बन्धी मापदण्ड,२०८० स्विकृत गर्ने।</td></tr>
<tr><td>१४</td><td>बिपन्न नागरिक आर्थिक सहयोग कार्यक्रम सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आर्थिक बर्ष २०८०/८१ को स्विकृत बजेटमा बिपन्न नागरिक औषधि उपचार शिर्षकमा रकम बिनियोजन गरिएकोमा उक्त बजेट बितरणमा चेकद्धरा भुक्तानी गर्न धेरै समय लाग्ने तथा झन्जटिलो प्रक्रिया भएकाले यस नगरपालिकाको सहायकस्तर चौथो कर्मचारी श्री रबि सुबेदीलाई पेश्की लिई उक्त काम गर्न जिम्मेबारी प्रदान गर्ने।</td></tr>
<tr><td>१५</td><td>अनुमती सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ८ मा अवस्थित जाँते युथ एसोसिएसन जाँतेबाट १ दिने सांगितिक कार्यक्रम गर्न जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरि पाँउ भनी माग निवेदन आएकोमा उक्त जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१६</td><td>छात्राबृति अध्ययन सम्बन्धमा।</td><td>संघिय ममिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौं, जनशक्ति योजना तथा विकास शाखाको च.नं. १३५ मिति २०८०/०५/१५ को पत्रानुसार यस कार्यालयमा कार्यरत तपसिलका कर्मचारीललाई KDI/KOREA (The Colombo Plan ) अन्तर्गतको संस्था र देशका लागि Master's Program On Public And Management विषय अध्ययनका लागि तलबी अध्ययन बिदा प्रदान गर्ने गरी मनोनयन हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेशमा पठाउने निर्णय गरियो।<br>तपसिल:
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम थर</th><th>क.सं.नं.</th><th>तह</th><th>सेवा समुह</th></tr>
<tr><td>१</td><td>अनिल कुमार मिश्र</td><td>२४०२३३</td><td>प्राविधिक सहायक पाँचौ तह</td><td>शिक्षासेवा जनरल शिक्षा(शिक्षा प्रशासन)</td></tr>
<tr><td>२</td><td>करण श्रेष्ठ</td><td>२०४५२२</td><td>प्राविधिक सहायक पाँचौ तह</td><td>कृषि/कृषि प्रसार</td></tr>
</table>
</td></tr>
<tr><td>१७</td><td>बार्षिक समिक्षा सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को बार्षिक समिक्षा कार्यक्रम २०८० साल भाद्र २५ गते ११ बजेबाट सञ्चालन गर्ने।</td></tr>
<tr><td>१८</td><td>मस्यौदा तयार सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका कानुन मस्यौदा तयार समितिलाई सर्पदंश उपचार केन्द्रको संञ्चालन कार्यबिधि बनाइ आगामी कार्यपालिका बैठकमा पेश गर्नका लागि जिम्मेबारी प्रदान गर्ने।</td></tr>
<tr><td>१९</td><td>स्टक प्रमाणित सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा भएको ढुङ्गाको स्टक प्रमाणित पश्चात क्लियर गर्नका लागि ७ दिनको समय तोकी व्यवस्थापन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२०</td><td>नगरपालिका संघ सम्बन्धमा।</td><td>नेपाल नगरपालिका संघको मिति:२०८०/०५/०३ गतेको च.नं.१८ भएको पत्र बमोजिम आर्थिक बर्ष २०८०/८१ को सदस्यता शुल्क सम्बनधमा पत्र प्राप्त भएको हुँदा यस आर्थिक बर्षको रकम रू२५००० भुक्तानी गर्ने।</td></tr>
</table>

...न्द्रकुमार
नगर ...

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २१ | म्यादथप सम्बन्धमा। | आ.व. २०७९/८० अन्तर्गत floor Extension Of Works At Primary Center (PHC) ठेक्का नं LM/MOR/NNCB/W/05/2079/80 कार्यका लागि श्री मत्स्य पोखरी कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. को वोलपत्र स्वीकृत गरी मितः२०८०/०१/३० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भेरिएसन अर्डर गरेर काम थप गरेकाले समयमा काम सम्पन्न नभई म्यादथपको लागि निवेदन प्राप्त भएको हुँदा भेरिएसन अर्डर बाट अपुग रकम रू ५७०४८६/- थप रकम समेत भुक्तानी गर्ने गरी मितिः२०८०/०५/१५ गते सम्मका लागि मितिः२०८०/०३/१७ गतेको टिप्पणी आदेशबाट थप भएको म्यादलाई अनुमोदन गर्ने निर्णय गरियो। (शिर्षक:बिपद व्यवस्थापन कोषबाट) |
| २२ | स्विकृत सम्बन्धमा। | वडा नं १ र वडा नं ५ को वडास्तरीय सहजजिकरण समितिबाट निर्णय भई आएको संलग्न सूची अनुसारको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी व्यक्तिहरूको नामावली प्रमाणित गरी उक्त विवरणलाई भूमि आयोग मोरङ्ग जिल्ला समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो। |
| २३ | आर्थिक सहयोग | १.लेटाङ नगरपालिका वडा नं ९ मा स्वस्थ प्रतिस्पर्धा रोगरहित जीवन भन्ने नाराकासाथ संञ्चालन भइरहेको फुटबल प्रतियोगिता सञ्चालन सहयोग स्वरूप श्री जाँते भेटरान्स फुटबल क्लब लाई रू२५०००/- प्रदान गर्ने। (शिर्षक:खेलकुद प्रतियोगिता सञ्चालन)<br>२.लेटाङ नगरपालिका वडा नं ९ मा बि.वाइ सि फुटबल क्लव द्वारा सञ्चालन भइरहेको फुटबल प्रतियोगिता सञ्चालन सहयोग स्वरूप रू२५०००/- प्रदान गर्ने। (शिर्षकः खेलकुद प्रतियोगिता सञ्चालन) |

...कुमार लाम्...
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची:

| क्र.सं | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्याम कुमार मगर | स.क.अ | १ नं वडा |
| २ | दिब्या लिम्बु | स.क.अ | ३ नं वडा |
| ३ | छत्रकुमार निरौला | स.क.अ | ८ नं वडा |
| ४ | ममता शर्मा दाहाल भण्डारी | स.क.अ | ९ नं वडा |
| ५ | सन्तोस तामाङ | स.क.अ | ७ नं वडा |
| ६ | सृजना मगर | अ.हे.ब | आधारभुत स्वा.के.२ नं |
| ७ | पवित्रा राई | स.क.अ | ४ नं वडा |
| ८ | गोपीमाया राई | स.क.अ | ५ नं वडा |
| ९ | सन्झा लिम्बु | स.क.अ | ६ नं वडा |
| १० | चन्द्रमाया लिम्बु | का.स. | २ नं वडा |
| ११ | मधुमाया ठाडा मगर | का.स | २ नं वडा |
| १२ | अस्मिता राई | का.स | ३ नं वडा |
| १३ | दिपतारा श्रेष्ठ | का.स | ४ नं वडा |
| १४ | उर्मिला राई सूर्यमगर | का.स | ५ नं वडा |
| १५ | सुमित्रा श्रेष्ठ | का.स | ६ नं वडा |
| १६ | तारादेवी भट्टराई | का.स | न.पा |
| १७ | अम्बेर राई | का.स | न.पा |
| १८ | राजकुमार डाँगी | ह.स.चा | न.पा |
| १९ | जिवन भट्टराई | हे.स.चा | न.पा |
| २० | अम्बिका निरौला | ह.स.चा | न.पा |
| २१ | बिलिछ्न मल्लिक | स. कर्मचारी | वडा नं ४ |
| २२ | रितादेवी मल्लिक | स.कर्मचारी | ८ नं वडा |
| २३ | जतन मल्लिक | स.कर्मचारी | २ नं वडा |
| २४ | चन्द्र मल्लिक डोम | स. कर्मचारी | लेटाङ अस्पताल |


सुरेन्द्रकुमार लावती
नगर प्रमुख

अन्तर धार्मिक शान्ति पार्क, लटोङ-१

२०८०।६।२४

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

स्थलगत सर्भेक्षणको विवरण :-




GPS Report.

① Hall Circle lenth (perimeter)
187m.

⑪ Area : 2020 m².
(0-6-0-0)
(Bigaha system)

अनुराग भट्टराई
असिस्टेन्ट सब इन्जिनियर

भुपेन्द्रकुमार लावती
नगर प्रमुख